# नीति अनुसन्धान प्रतिष्ठान
# Policy Research Institute
(नेपाल सरकारको विशेषज्ञ समूह)


प.सं. :-
च.नं. :-

मिति :-
२०८१/०८/१०

## प्रतिष्ठानको अनुसन्धान समुहमा रिक्त रहेका विभिन्न पदहरूको पदपूर्तिका लागि दरखास्त आह्वान

(सूचना प्रकाशन भएको मिति : २०८१ मङ्सिर १० गते)

नीति अनुसन्धान प्रतिष्ठानका लागि करार सेवामा खुला प्रतियोगितात्मक परीक्षाद्वारा देहाय अनुसारका अनुसन्धाताहरूको पदपूर्ति गर्नुपर्ने भएकाले निम्नानुसारको योग्यता भएका इच्छुक, योग्य र स्व-उत्प्रेरित उम्मेदवारहरूलाई दरखास्त पेश गर्नका लागि सार्वजनिक आह्वान गरिएको छ । तोकिएको योग्यता पुगेका उम्मेदवारहरूले यो सूचना प्रकाशित भएको मितिले २१ दिनभित्र तथा दोब्बर दस्तुर तिरी अतिरिक्त सात दिनभित्र प्रतिष्ठानको इमेल applications@pri.gov.np मार्फत वा प्रतिष्ठानको कार्यालयमा उपस्थित भएर दरखास्त फाराम बुझाइसक्नु पर्नेछ । विज्ञापन आह्वान गरिएका पदहरूको दरखास्त फाराम, विस्तृत छनोट प्रक्रिया र कार्यसम्पादन गर्नुपर्ने पदको कार्यविवरण प्रतिष्ठानको वेबसाइट https://pri.gov.np/ne/notice-information/ मा उपलब्ध छ ।

| विज्ञापन नम्बर | पदको नाम | काम गर्नुपर्ने विभाग तथा केन्द्र | पूर्ति गर्नुपर्ने पद सङ्ख्या | शैक्षिक योग्यता | शैक्षिक योग्यताको विषय |
|---|---|---|---|---|---|
| ०१/२०८१/८२ | वरिष्ठ अनुसन्धानकर्ता | सूचना तथा ज्ञान व्यवस्थापन विभाग | १ | स्नातकोत्तर (न्यूनतम् योग्यता) विद्यावारिधि (वाञ्छनीय योग्यता) | Information and Knowledge Management-related fields (e.g., Information and Communication Technology, Library Science, Information Systems Management, Knowledge Management, Computer Sciences, Computer Engineering, Mass Communication, Humanities and Social Sciences, Management, Information Ethics and Policies, and Knowledge-Economy) |
| ०२/२०८१/८२-क | अनुसन्धानकर्ता | आर्थिक तथा पूर्वाधार विकास नीति अनुसन्धान केन्द्र | २ | | Economics and Infrastructure Development-related fields (e.g., Economics, Urban/Rural Planning and Development, Agriculture Economics, Management, Development Management, Civil Engineering, Energy Economics, Tourism Economics, Knowledge-Economy) |
| ०२/२०८१/८२-ख | अनुसन्धानकर्ता | शासकीय प्रबन्ध तथा सङ्घीय मामिला नीति अनुसन्धान केन्द्र | २ | | Governance and Federal Affairs related fields (e.g., Humanities and Social Sciences, Law, International Law, Governance, Federalism Studies, Management, Development Management, Development Administration, Public Administration, Public Policy) |




नारायणहिटी, काठमाडौं, नेपाल
फोन: ००९७७-१-४५३०५१७/४५३४९७९

Narayanhiti, Kathmandu, Nepal
Tel: 00977-1- 4530517, 4534979

Email: info@pri.gov.np
Website: www.pri.gov.np

| विज्ञापन नम्बर | पदको नाम | काम गर्नुपर्ने विभाग तथा केन्द्र | पूर्ति गर्नुपर्ने पद सङ्ख्या | शैक्षिक योग्यता | शैक्षिक योग्यताको विषय |
|---|---|---|---|---|---|
| ०२/२०८१/८२–ग | अनुसन्धानकर्ता | प्राकृतिक स्रोत तथा प्रविधि नीति अनुसन्धान केन्द्र | १ | | Natural Resources, Science, and Technology-related fields (e.g., Agriculture, Agriculture Economics, Forestry, Natural Resources Management, Environmental Sciences, Environmental Engineering, Climate Science, Ecological Studies, Conservation Biology, Agro-ecology, Geology, Biotechnology, Food Systems and Resource Management, Science and Technology, Waste Management) |
| ०३/२०८१/८२–क | सह-अनुसन्धानकर्ता | आर्थिक तथा पूर्वाधार विकास नीति अनुसन्धान केन्द्र | १ | | Economics and Infrastructure Development-related fields (e.g., Economics, Urban/Rural Planning and Development, Agriculture Economics, Management, Development Management, Civil Engineering, Energy Economics, Tourism Economics, Knowledge-Economy) |
| ०३/२०८१/८२–ख | सह-अनुसन्धानकर्ता | कानुनी तथा सामाजिक मामिला नीति अनुसन्धान केन्द्र | १ | | Legal and Social Science-related fields (e.g., Law, Education, Health and Allied Sciences, Social Sciences, Development Administration, Public Policy, Development Studies, Public Administration, International Law, Human Rights, Labor Studies) |
| ०३/२०८१/८२–ग | सह-अनुसन्धानकर्ता | प्राकृतिक स्रोत तथा प्रविधि नीति अनुसन्धान केन्द्र | १ | | Natural Resources, Science, and Technology-related fields (e.g., Agriculture, Agriculture Economics, Forestry, Natural Resources Management, Environmental Sciences, Environmental Engineering, Climate Science, Ecological Studies, Conservation Biology, Agro-ecology, Geology, Biotechnology, Food Systems and Resource Management, Science and Technology, Waste Management) |
| ०४/२०८१/८२ | विश्लेषक (सूचना, प्रकाशन तथा नीति संवाद) | सूचना तथा ज्ञान व्यवस्थापन विभाग | १ | स्नातकोत्तर (न्यूनतम) | Subjects directly related to Information and Publication Management (e.g., master's degree in English, English Education, Nepali, Mass Communication, ICTs, and Social Sciences) |

१. परीक्षाको किसिम : योग्यताको परीक्षण, सीप परीक्षण, विषयगत प्रस्तुतीकरण र अन्तर्वार्ता ।

२. परीक्षा केन्द्र : नीति अनुसन्धान प्रतिष्ठान, नारायणहिटी, काठमाडौं (भौतिक उपस्थितिमा, भर्चुअल माध्यमबाट तथा आवश्यकतानुसार दुवै। ।



नारायणहिटी, काठमाडौं, नेपाल
फोन: ००९७७-१-४५३०५१७/४५३४९७९

Narayanhiti, Kathmandu, Nepal
Tel: 00977-1-4530517, 4534979

Email: info@pri.gov.np
Website: www.pri.gov.np

३. दरखास्त दस्तुर : वरिष्ठ अनुसन्धानकर्ताका लागि रू. २५००/-, अनुसन्धानकर्ताका लागि रू. २०००/-, सह-अनुसन्धानकर्ताका लागि रू. १५००/- र विश्लेषकका लागि रू. १०००/- ।

४. दरखास्त दिने अन्तिम मिति : सूचना प्रकाशन भएको मितिले २१ दिनभित्र (दोब्बर दस्तुर तिरेर थप सात दिनसम्म)। दरखास्त बुझाउने अन्तिम दिन सार्वजनिक विदा परेमा विदा सकिए लगत्तै कार्यालय खुलेको दिन ।

५. उम्मेदवारको उमेरको हद : कुनै पनि उम्मेदवारलाई उमेरको हद लाग्ने छैन ।

६. दरखास्त दस्तुर बुझाउने विधि : राष्ट्रिय वाणिज्य बैंकको कुनै पनि शाखामा राजश्व कोड-१४२२४; कार्यालय कोड-३०१००३५०२; राजश्व खाता नम्बर-१०००१००२०००१०००० उल्लेख गरी तोकिएको आवेदन दस्तुर बुझाएर सो को सक्कलै भौचर आवेदनसाथ बुझाउनु पर्नेछ । दरखास्त दस्तुर विज्ञापनको मान्य अवधिभित्र आफ्नो बैंक खाताबाट "कनेक्ट आईपीएस्"को माध्यमले विद्युतीय भुक्तानी गर्न तथा प्रतिष्ठानको आर्थिक प्रशासन शाखामा नगदी रूपमै भुक्तानी गर्न पनि सकिनेछ ।

७. दरखास्तसाथ पेश गर्नुपर्ने कागजातहरू : दरखास्तसाथ पेश गर्नुपर्ने कागजातहरूको सूची आवेदन फाराममा उल्लेख गरिएको छ । साथै, विदेशी विश्वविद्यालयबाट हासिल गरेको डिग्री (उपाधि) का हकमा समकक्षताको प्रमाण-पत्र पनि पेश गर्नुपर्नेछ । दरखास्त फाराममा उल्लेख गरिएको विवरण तथा पेश गरिएका कागजातहरू सम्बन्धमा उम्मेदवार स्वयम् पूर्ण रूपमा जवाफदेही हुनुपर्नेछ ।

८. परीक्षाको मिति : सीप परीक्षण, प्रस्तुतिकरण तथा अन्तर्वार्ताको मिति दोश्रो चरणको परीक्षणका लागि लघुसूची प्रकाशन गरिएको समयमा जानकारी गराइनेछ ।

९. पदमा रही गर्नुपर्ने मुख्य कामको विवरण : संलग्न कार्यविवरण अनुरूपका सेवा समूह सम्बन्धी कामहरू ।

१०. पारिश्रमिक तथा अन्य सेवा सुविधा : प्रतिष्ठानको नियमानुसार ।

११. दरखास्त सम्बन्धी अन्य व्यवस्थाहरू :

क) उल्लिखित दरखास्त फाराम निर्धारित अवधिपछि मात्र प्राप्त हुन आएमा; दरखास्त फाराम र सम्बन्धित कागजातमा कैफियत देखिएमा, आवश्यक न्यूनतम् योग्यता नपुगेमा तथा शैक्षिक योग्यताको विषय सान्दर्भिक नभएमा त्यस्ता आवेदनहरू स्वत : रद्द हुनेछन् ।

ख) उम्मेदवारले अनुसन्धाता छनोट प्रक्रियालाई प्रभाव पार्ने उद्देश्यले भनसुन गराउने लगायतका जुनसुकै पनि अवाञ्छित क्रियाकलाप गर्न, गराउन पाउने छैन । परीक्षण प्रक्रियामा यस्तो अवाञ्छित क्रियाकलाप गरे, गराएको प्रमाणित भएमा उम्मेदवारको दरखास्त जुनसुकै अवस्थामा पनि रद्द हुनेछ ।

ग) दरखास्तवालाले आफ्नो योग्यता सम्बन्धमा जानीजानी वा गलत मनसाय राखी झुठा विवरण पेश गर्न हुँदैन । जानीजानी वा गलत मनसायले झुठा विवरण पेश गरेको पाइएमा छनोटको जुनसुकै चरणमा तथा छनोट भइसकेको भए कुनै पनि समय र अवस्थामा निजको दरखास्त र नियुक्ति/करार रद्द गरिनेछ ।

घ) कुनै पनि आवेदन स्वीकार गर्ने कि नगर्ने भन्ने कुराको पूर्णाधिकार प्रतिष्ठानमा निहित रहनेछ ।

१२. दरखास्त आह्वान गरिएका पदहरूको दरखास्त फाराम, विस्तृत छनोट प्रक्रिया र कार्यसम्पादन गर्नुपर्ने पदको कार्यविवरण यसै सूचनाका अभिन्न अङ्गहरू हुन् । दरखास्त आह्वान सम्बन्धी यस सूचनाका सम्बन्धमा थप जानकारी तथा सहायता र सहजीकरणका लागि प्रतिष्ठानको टेलिफोन नम्बर ०१-४५३०५१७ वा ०१-४५३४९७९ मा सम्पर्क गर्न; प्रतिष्ठानको इमेल info@pri.gov.np मा सन्देश पठाउन; तथा कार्यालय समयमा प्रतिष्ठानको प्रशासन शाखामा सम्पर्क गर्न सकिनेछ ।

सिफारिस समिति




नारायणहिटी, काठमाडौं, नेपाल
फोन: ००९७७-१-४५३०५१७/४५३४९७९

Narayanhiti, Kathmandu, Nepal
Tel: 00977-1-4530517, 4534979

Email: info@pri.gov.np
Website: www.pri.gov.np